**स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन**
**२०८२ साल मङ्सिर २५ गतेको गाउँ कार्यपालिका निर्णयहरू**

१. शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

२. आ.व.२०८२/०८३ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०९/१३ गते ६ नं. वडा कार्यालय अन्तर्गत गोठपानी बजारमा विहान ११ बजेबाट गर्ने

३. तपसिल बमोजिमको कात्तिक मसान्त सम्मको आय व्यय विवरण अनुमोदन गर्ने

| **आय तर्फ** | | | | |
|---|---|---|---|---|
| **सङ्घीय सरकार तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित आय** | **वास्तविक आय** | **आम्दानी प्रतिशत** |
| १ | समानीकरण अनुदान | ११,२४,००,०००/- | ५,६२,००,०००/- | ५० |
| २ | शसर्त अनुदान चालु | १९,८५,००,०००/- | १०,२४,२४,०००/- | ५१.६ |
| ३ | शसर्त अनुदान पुँजीगत | २,४१,००,०००/- | ०।०० | |
| ४ | विशेष अनुदान पुँजीगत | ३,२१,००,०००/- | १,११,९६,४७७।०० | ३४.८८ |
| ५ | समपुरक अनुदान पुँजीगत | २,१५,००,०००/- | ० | ० |
| **प्रदेश सरकार तर्फ** | | | | |
| १ | समानीकरण अनुदान | १,१६,०५,०००/- | ५८,०२,५००/- | ५० |
| २ | शसर्त अनुदान चालु | १,५६,७४,०००/- | ७८,३७,०००/- | ५० |
| ३ | शसर्त अनुदान पुँजीगत | ५०,००,०००/- | ० | ० |
| ४ | विशेष अनुदान पुँजीगत | ६५,००,०००/- | ० | ० |
| ५ | समपुरक अनुदान पुँजीगत | २,२८,००,०००/- | ० | ० |
| **राजश्व बाँडफाड तर्फ** | | | | |
| १ | घर जग्गा रजिस्ट्रेशन दस्तुर | ३,००,०००/- | ० | ० |
| २ | बांडफांड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,०६,०१,७६९/- | १,७५,८४,१६३.१० | २९.८ |
| ३ | बांडफांड भई प्राप्त हुने अन्तशुल्क | २,०२,००,५९०/- | १,१५,२८,८३२.१२ | ५७.०७ |

| | | | | |
|---|---|---|---|---|
| ४ | बांडफांड भई प्राप्त हुने वन रोयल्टी | १०,०००/- | ० | ० |
| ५ | बांडफांड भई प्राप्त हुने जलस्रोत सम्बन्धी रोयल्टी | २५,०००/- | ० | ० |
| ६ | बांडफांड भई प्राप्त हुने सवारी साधन कर | ३,२१,४९,२५६.०० | ७८,६२,१९०.१२ | २४.४६ |
| **आन्तरिक स्रोत** | | | | |
| १ | आन्तरिक स्रोत | १०,४५,५०,३८५/- | २,९०,५०,१८३.७५ | २७।७९ |
| जम्मा | | ६६,८०,१६,०००/- | २४,९४,८५,३४६.१७ | ३७।३४ |
| **व्यय तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित व्यय** | **वास्तविक व्यय** | **व्यय प्रतिशत** |
| १ | चालु तर्फ | ३७,३४,३२,८५०/- | १०,०४,८९,६४६.१९ | २६.९१ |
| २ | पुँजीगत तर्फ | २९,४५,८३,१५०/- | २,००,३१,८८९.५४ | ६.८ |
| जम्मा | | ६६,८०,१६,०००/- | ८,६३,२१,४४०.२८ | १३.६६ |

४. बागमती प्रदेश सरकारले आ.व. २०८२/०८३ मा शैलुङ गाउँपालिकाको कालापानी शैलुङ मिनि ग्रेटवाल निर्माणको लागि रू १,८०,००,०००/-(एक करोड असि लाख) बजेट विनियोजन भएको र उक्त रकमले कालापानी शैलुङ मिनि ग्रेटवालको DPR बमोजिमको बाँकि काम निर्माण कार्य सम्पन्न नहुने हुँदा उक्त योजना पुरा गर्नको लागी बागमति प्रदेश सरकार ७०% र गाउँपालिकाको ३० % लागत साझेदारीमा बहुवर्षिय योजनामा स्वीकृतिको लागी स्रोत सुनिश्चितता गरी निर्माण कार्य अगाडि बडाउनको लागी पर्यटन विकास आयोजना इकाइ कार्यालय काठमाडौँलाई अनुरोध गर्ने र संशोधित DPR बमोजिम आउने लागत रकमको ३०% रकम गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धता गर्दै सोको कार्यान्वयनको लागि आवश्यक प्रक्रिया गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने

५. आगामि फाल्गुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा चुनावको लागि मतदान केन्द्रमा खानेपानी तथा विजुलीको समस्या रहेका केन्द्रहरुमा आवश्यकता अनुसार मर्मत तथा व्यवस्थापन गरी प्राविधिक सिफारिस अनुसार खर्च उपशिर्षक नं. ३११५९, निर्मित सार्वजनिक सम्पतिको संचालन तथा सम्भार खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

६. पर्यटन विकास आयोजना बागमति प्रदेशको च.नं. १७५, मिति २०८२/०८/०२ को पत्रानुसार उक्त आयोजना द्वारा निर्माण गरिएको शैलुङ गोलघर पर्यटन पूर्वाधार हस्तान्तरण कार्यविधि, २०८१ बमोजिम सञ्चालन व्यवस्थापन तथा उपयोगको लागि यस गाउँपालिकालाई हस्तान्तरण भई आएको र उक्त संरचनाबाट प्राप्त आम्दानी अर्धवार्षिक रुपमा गाउँपालिकालाई आम्दानिको ७० % र ३० % प्रदेश सरकारलाई बाँडफाँड गर्ने गरी मिति २०८२/०८/०२ गते द्विईपक्षिय सम्झौता गरिएकोमा उक्त गोलघर निर्माण सम्पन्न एवं गाउँपालिकालाई हस्तान्तरण हुनु पूर्व नै गाउँपालिकाको मिति २०७८/०७/१० गते कालापानीको गोलघर ठेक्कामा दिने सम्बन्धी ३० दिने सूचनामा बोलपत्र जमानत(Bid security)को प्रावधान नै नराखि न्युनतम मासिक रू ५०,०००/-(पचास हजार मात्र) कायम गरी प्रकाशन गरिएको र सो सूचनामा आधारित रहि श्री प्रकाश उप्रेतिले रू ६०,१००/-

(साठ्ठि हजार एक सय), नोर्वु मोक्तानले रू ५२,०००/-(वाउन्न हजार मात्र) र तत्कालिन वडा अध्यक्ष श्री ध्रुव कुमार श्रेष्ठले रू ५१,०००/-(एकाउन्न हजार मात्र) कवोल गरी बोलपत्र पेश गरिएको र उक्त प्रस्ताव माथि प्रचलित कानून बमोजिम मूल्यांकन समितिबाट मुल्यांकन नगरी कबोल गरेका मध्ये सबै भन्दा कम कबोल गर्ने श्री ध्रुव कुमार श्रेष्ठ सँग तत्कालिन पालिका अध्यक्ष श्री भरत प्रसाद दुलालले मिति २०७८/०८/३० मा २०७९ असोज देखि लागु हुने गरी आय ठेक्का सम्झौता गरिएको देखिएको हुँदा उक्त प्रावधान प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सारभुत रुपमा प्रभावकारी नदेखिएको हुँदा निज ध्रुव कुमार श्रेष्ठ सँग गरिएको सम्झौता रद्द गरी निजले गाउँपालिकाको धरौटी खातामा राखिएको ६ महिनाको धरौटी रकम फिर्ता गर्न पैतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र पर्यटन विकास आयोजना सँग भएको सम्झौता बमोजिम आए ठेक्का आह्वान गर्ने

७. शैलुङ गाउँपालिकाको लागत सहभागितामा कृषि विकास प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने

८. शैलुङ गाउँपालिकाको शैलुङ अस्पतालमा अतिरिक्त समयमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने

९(क) मिति २०८२/०७/१८ गते देखि २०८२/०७/२१ गते सम्म शैलुङ रङ्गशालामा भएको अन्तर माध्यमिक विद्यालय स्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भएको तपसिल बमोजिमको खर्च अनुमोदन गर्ने

तपसिल

| राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ खर्च विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | पसलको नाम | जम्मा | कैफियत |
| १ | ज्याला (स्वयमसेवक) र खाना पकाएको ज्याला भर्पाई | ५१,०००.०० | |
| २ | रमेश पदक तालिका र भलिबल स्टाण्ड , भलिवल पोल मिलाएको भर्पाई | ७,७००.०० | |
| ३ | खेलकुद सामाग्री भलिबल( मोर्डन विजनेस ) विल | १,९५,७४९.०० | |
| ४ | खसी पुर्ण बहादुर श्रेष्ठको भर्पाई | ४४,८४०.०० | |
| ५ | वालुवा ( खाडीचौरबाट ३ मिटर ल्याएको) भर्पाई | १३,०००.०० | |
| ६ | धन कुमारी श्रेष्ठ माला , तरकारी भर्पाई | १०,३००.०० | |
| ७ | रेफ्री भत्ता भर्पाई | १,८०,०००.०० | |
| ८ | रेफ्री यातयात | २०,०००.०० | |
| ९ | जिल्ला स्तरीय रनिङशिल्डमा पदक जित्ने खेलाडीलाई पुरस्कार भर्पाई | १,३४,०००.०० | |
| १० | पुरस्कार( अघिल्लो विजेता) विरेन्द्र मा.वि. | २०,०००.०० | |
| ११ | अवार्ड पोइन्ट ( व्यानर , विप नं. , थप मेडल , व्याज प्रिन्ट ) भयाट विल | ४६,४६०.०० | |
| १२ | चामल दल बहादुर बस्नेत (२४ पाथी) भर्पाई | १२,०००.०० | |

| | | | |
|---|---|---|---|
| १३ | खाना पकाउने भाँडाको भाडा | २,६००.०० | |
| १४ | सुनिल निर्माण सामाग्री सेन्टर | १०,०४४.०० | |
| १५ | प्रिन्स एण्ड प्रियान्स धुलिखेल | १०,४२५.०० | |
| १६ | लाम्चे आहाल शैलुङ भ्यु होटल एण्ड लज ( निर्णायक खाना बस्न) | ५१,२५०.०० | |
| १७ | A & D सर्जिकल सप्लाएर्स | १५,१११.०० | |
| १८ | खाना सामाग्री आर्तिक एण्ड आर्शिका किराना पसल र अन्य | ३९,१९५.०० | |
| १९ | रोशिमा किराना तथा फलफुल पसल | ३४,८९५.०० | |
| २० | सुवास स्टोर एण्ड सप्लाएर्स | १४,०००.०० | |
| २१ | एनिक इलेक्टोनिकस | १०,७००.०० | |
| २२ | काली भगवती बुक्स ( व्याण्डीङ टेप) + टेप कब्बडी म्याटको लागि , मार्कर र सिडी पेन | ४,५७०.०० | |
| २३ | सुनिल इलेक्टिनिक्स  धाराको सामान , ग्यास ४ र विविध सामान | १७,८५०.०० | |
| २४ | घिमिरे स्पोटर्स एण्डसप्लायर्स | ७,५००.०० | |
| २५ | पानी सुवेदी स्टोर्स (७० केस पानी) | १०,५००.०० | |
| २६ | शैलुङ वेकरी क्याफे (ब्रेड दुनोट जाम ) | १०,६५०.०० | |
| २७ | अतिथी खाना बस्न  शैलुङ इको भिलेज | २९,०५२.०० | |
| २८ | पि डि आर सि ग्रुप ( झण्डा फ्रेम , व्याज , टोकन अफ लभ) | १९,४००.०० | |
| २९ | रिक्सन फेन्सी (रातो सेतो कपडा , खादा ) | ४,५५०.०० | |
| ३० | न्यू आचार्य स्टेशनरी बुक्स | ३,३६०.०० | |
| ३१ | गाडी पार्कीङ ( २ पटकको ) | १,५००.०० | |
| | जम्मा | १०,३२,२०१.०० | |

९(ख)  गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

<u>तपसिल</u>

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागामति प्रदेश ०२-००१ ब ४६०८ | मोटरसाइकल | अर्जुन कुमाल श्रेष्ठ | १६,०२५/- | |

१०(ग) शैलुङ गाउँपालिका ३ नं. वडा कार्यालयमा सहायक चौथो तहमा कार्यरत कर्मचारी श्री माधव प्रसाद भण्डारी उमेरका कारण अवकास भएको र निजले लामो समय देखि गाउँपालिकालाई सेवा गरेको हुँदा निजलाई गाउँपालिकालाई गरेको अतुलनिय योगदानको प्रोत्साहन स्वरुप रू ५०,०००/-(पचास हजार रुपैयाँ मात्र) उपलब्ध गर्ने

१०(घ) शैलुङ गाउँपालिका वडा नं. १ अन्तर्गत सञ्चालित गोल्मोखोला दुधपोखरी खानेपानी आयोजनामा उत्पन्न विवाद समाधान नभएको हुँदा सो आयोजनामा भएको कार्यको अनुगमन मूल्यांकन गरी योजना फरफारक गर्ने